# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.
चलानी न. २१६६

मिति :२०८१/०२/११

श्री वडा कार्यालय (सबै)
यशोधरा गाउँपालिका,कपिलवस्तु ।

विषय: दोस्रो गाउँपालिका अध्यक्ष क्रिकेट कप प्रतियोगितामा सहभागी गराईदिनुहुन ।

उपरोक्त विषयमा यस यशोधरा गाउँपालिका द्वारा तपसिलको मिति,समय र स्थानमा संचालन हुने दोस्रो गाउँपालिका अध्यक्ष क्रिकेट कप प्रतियोगितामा यशोधरा गाउपालिकाको ८ वटै वडाबाट खेलाडीहरु सहभागी गराईदिनुहुन अनुरोध छ । साथै वडा कार्यालयले खेलाडीहरुको फोटो सहितको नामावली उल्लेख भएको सिफारिस पत्र मिति २०८१/०२/१७ गते कार्यालय समयमा नवप्रवर्तन शाखामा पेश गर्नुहुन समेत अनुरोध छ ।

सहभागीको लागी आवश्यक कागजातहरु :

- सम्पूर्ण सहभागी खेलाडीहरुको नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी ।

खेलका नियमहरु र अन्य जानकारीहरु:

- प्रत्येक वडा बाट एउटा टीम लाई प्रतियोगितामा सहभागी गराइनेछ ।
- खेलमा सहभागी हुने खेलाडीहरु सम्बन्धित वडाको नागरिक हुनुपर्नेछ ।
- खेल T-20 नक आउट विधि बाट प्रचलित ICC को नियम अनुसार खेलाइनेछ ।
- खेलाडीहरुले खेल खेल्दा अनुशासित,मर्यादित र मैत्रीपूर्ण तवरले खेल्नुपर्नेछ ।
- खेलमा कुनै विवाद आएमा आयोजकको निर्यणनै सर्वमान्य हुनेछ ।
- खेलाडीहरुको संख्या आफिसियल सहित जम्मा १६ जना को हुनेछ ।
- खेलाडीहरुको ड्रेस र खाजाको व्यवस्था यस कार्यालयले नै गर्नेछ ।

पुरस्कार सम्बन्धी विवरण :

- प्रथम पुरस्कार: रु.५०००० मा २५% करकट्टी गरि नगद रकम सहित मेडल र प्रमाणपत्र ।
- द्वितिय पुरस्कार: रु.३०००० मा २५% करकट्टी गरि नगद रकम सहित मेडल र प्रमाणपत्र ।

प्रतियोगिता हुने मिति,समय र स्थान:

- मिति: २०८१/०२/२० गते देखि २०८१/०२/२९ गते सम्म ।
- समय: पहिलो खेल विहान ७ बजे देखि र दोस्रो खेल दिउसो २:३० बजे देखि ।
- स्थान: यशोधरा गाउँपालिका वडा न.५ सुठौली (श्री अनिरुद्ध पब्लिक मा.बि. को खेल मैदान )

थप जानकारीको लागि :

संयोजक दृग नारायण मिश्र ; ९८०७४७२१५१ सामाजिक विकास शाखा प्रमुख कृष्णनाथ पाण्डेय:९८४७०४०३५७ अब्दुल कायुम अध्यक्ष वार्ड न.१ : ९८६३७७०४८६

बोधार्थ:
श्री सुचना प्रविधि शाखा: यस कार्यालयको वेबसाइट र फेसबुक पेजमा अपलोड गर्नुहुन।

२०८१।०२।११
(अब्दुल सलाम)
नि. प्रमुख प्रशासकीय अधिकृत